***अङ्क 16***

DeKalb County School District का परिवारलाई अभिवादन छ,

म आशा गर्दछु कि तपाईंको आउने हप्ता उत्पादक रहनेछ । कोभिड-19 ले अझै पनि निरन्तर रूपमा हाम्रो समुदायका जीवनहरूमा प्रभाव पारिरहेको छ । यस अवस्थामा, विद्यार्थी तथा कर्मचारीको स्वास्थ्य तथा सुरक्षा प्रतिको हाम्रो प्रतिबद्धता एकदम महत्त्वपूर्ण हुन्छ ।

म विगत केही हप्ता देखि जानकारी गराउँदै आएको छु, विद्यालय पुन: सञ्चालन गर्ने हाम्रो योजना परिवर्तन भएको छैन र पहिला जस्तो थियो त्यस्तै छ । तथ्याङ्कमा आधारित विद्यालयहरूमा पुन: प्रवेश गर्ने हाम्रो दृष्टिकोणले गर्दा हामीले विद्यालयहरू खोल्दै बन्द गर्दै गर्नु परेको छैन । विद्यालयहरू खोल्दै बन्द गर्दै गर्नु परेको भए यो महामारीका दौडान हाम्रो समुदायमा थप अनिश्चितता थप्थ्यो । हामी सुरक्षित तरिकाले नियमित शिक्षणमा फर्किन नसकेसम्म, यो अनिश्चित समयका दौडान हाम्रा विद्यार्थीहरूले पढाइमा ध्यान केन्द्रित गरुन् भन्ने कुरा एकदम महत्त्वपूर्ण हुन्छ । हाम्रा विद्यार्थीहरू शैक्षिक सफलतामा केन्द्रित हुँदै गर्दा, हाम्रा डिस्ट्रिक्टका नेतृत्वकर्ताहरू कडा मेहनत गरेर विद्यालय पुन: खोल्ने प्रयास गरिरहेका छन् जसमा आपतकालीन अवस्थाको तयारी, यातायात, सुरक्षा प्रोटोकोल लगायतका कुराहरू पनि पर्छन् । कृपया अद्यावधिकहरूका लागि विद्यालयहरू पुन: सञ्चालनसम्बन्धी वेबसाइट https://www.dekalbschoolsga.org/school-reopening/ भ्रमण गर्नुहोस् ।

**Georgia Department of Public Health (GDPH) को गणना अनुसार दुई हप्ताको अवधिमा प्रत्येक 100,000 बासिन्दाहरूमा 100 जना भन्दा बढी व्यक्तिहरूमा संक्रमण पुष्टि भएको छ । यसको अर्थ समुदायमा संक्रमण "उच्च स्तरमा फैलिएको छ" भन्ने हुन्छ । GDPH ले जानकारी दिए अनुसार आजको मितिसम्म संक्रमितको सङ्ख्या 198 पुगेको छ ।** DeKalb काउन्टीको समुदायमा कुन स्तरमा संक्रमण फैलिएको छ भनेर अद्यावधिक जानकारी प्राप्त गर्न, कृपया निम्न वेबसाइट हेर्नुहोस्: https://dph.georgia.gov/covid-19-daily-status-report. संक्रमितको सङ्ख्या वृद्धि हुनु चिन्ताको विषय हो र हामी हाम्रा परिवार तथा कर्मचारीहरू Center for Disease Control and Prevention (CDC) ले जारी गरेका केही महत्त्वपूर्ण तथ्यहरूको बारेमा स्पष्ट होऊन् भनेर निश्चिन्त हुन चाहन्छौं ।

कोरोनाभाइरस रोग 2019 को बारेमा तथ्यहरू जान्नुहोस्

- रोगले नस्लीयता वा जातीयता नहेरी जोसुकैलाई बिरामी पार्न सक्छ ।
    - कोभिड-19 को डर तथा चिन्ताका कारण अरूमा रोग सर्ने जोखिम नभए पनि कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई अस्वीकार गर्न वा अरूबाट टाढा रहन खोज्न सक्छन् ।
- के कुरा विश्वास गरिएको छ भने धेरै मानिसहरूका लागि, कोभिड-19 संक्रमण गराउने भाइरसबाट तत्कालै गम्भीर रूपमा बिरामी पर्ने जोखिम कम हुन्छ ।

  - केही मानिसहरूमा COVID-19 का कारण थप जटिलताहरू देखिन सक्ने जोखिम उच्च रहन्छ र उनीहरूले आफूलाई बचाउने उपायहरू प्रयोग गर्नु पर्दछ ।
  - क्वारेन्टाइन पूरा गरेका र आइसोलेसनबाट छुटेका व्यक्तिले अरू व्यक्तिमा संक्रमण सार्ने जोखिम हुँदैन ।
- तपाईंले आफू र अरूलाई सुरक्षित राख्न सहयोग गर्न यी सामान्य कुराहरू गर्न सक्नुहुन्छ ।
  - कम्तीमा 20 सेकेन्डसम्म नियमित रूपमा साबुन पानीले हात धुनुहोस्, विशेषगरी सिँघान फ्याँकेपछि, खोकेपछि, वा हाच्छिउँ गरेपछि; बाथरुम गएपछि; र खानु अगाडि वा खाना पकाउनु अगाडि ।
  - हात नधोइ आँखा, नाक वा मुखमा नछुनुहोस् ।
  - बिरामी भएको बेलामा घरमै बस्नुहोस् ।
  - टिश्यु (पुछने कागज) राखेर खोक्नु वा हाच्छिउँ गर्नुहोस् र त्यसपछि टिश्युलाई फोहोर फाल्ने ठाउँमा फाल्नुहोस् ।

कृपया यो महामारीबाट अगाडि बढ्दै गर्दा यी तथ्यहरू ख्याल गर्नुहोस् ।

**प्रत्यक्ष अनुभव लिने दिन**
हामी विद्यालयहरू पुन: खोल्ने तयारी गरिरहेका छौं । यस क्रममा, क्याबिनेटका कही वरिष्ठ सदस्यहरू तथा समितिका सदस्यहरूले गत हप्ता "प्रत्यक्ष अनुभव लिने दिन" नामक भ्रमणका दौडान विद्यालय फिर्ता हुने योजना अवलोकन गर्न DCSD का तीन विद्यालयहरूको भ्रमण गर्ने अवसर पाउनु भएको थियो । यस भ्रमणले क्याबिनेटका सदस्यहरूलाई विद्यालय प्रोटोकल/अभ्यासहरूको समीकरण, कक्षाकोठामा विद्यार्थीहरूको बसाइ, विद्यार्थी के-के गर्छन् भन्ने कुरा, लन्च र छुट्टी अवलोकन गर्न अनुमति दियो । यो भ्रमण सम्भव बनाएकोमा Canby Lane Elementary School, Chapel Hill Middle School र Tucker High School का कर्मचारीलाई धन्यवाद ।

**Black Lives Matter (अश्वेत नागरिकको जीवनले अर्थ राख्छ) अभियान सप्ताह 2020**
डिस्ट्रिक्टमा नोभेम्बर 9-13 सम्म चल्ने सप्ताह "DeKalb Schools को अश्वेत नागरिकको जीवनले अर्थ राख्छ अभियान सप्ताह 2020" हुनेछ । यो साताव्यापी कार्यक्रममा अश्वेत नागरिकको जीवनले अर्थ राख्छ नामक कार्यक्रममा आधारित शिक्षण क्रियाकलापहरू हुने छन् । यसमा Historically Black Colleges and Universities (HBCUs) को मिडिया समारोह, DeKalb काउन्टीमा रहेको अश्वेत नागरिकको स्वामित्वमा रहेको व्यवसायको पक्षबाट एउटा समारोह, "My Brother's Keeper" कार्यक्रमको थालनी र विद्यालयले नेतृत्व गरेको प्यानल छलफल पनि हुनेछ ।

"DeKalb Schools को अश्वेत नागरिकको जीवनले अर्थ राख्छ अभियान सप्ताह 2020" को उदेश्य भनेको नस्लीय न्यायका समस्याहरूमा सहभागी हुनका निम्ति विद्यालय समुदायहरूमा सबै उमेर समूहका व्यक्तिहरूका लागि चालू रूपमा गहन चिन्तन र इमानदार संवादको थालनी गर्छ ।

DCSD विविधता भएको एउटा विद्यालय हो र हामी हरेक तरिकाले उक्त विविधताको प्रशंसा गर्छौं । DeKalb Schools को अश्वेत नागरिकको जीवनले अर्थ राख्छ अभियान सप्ताह 2020 ले हाम्रा विद्यार्थी तथा कर्मचारीहरूलाई हाम्रो समुदायको नस्लीय र सामाजिक अन्याय विरुद्ध आवाज उठाउँदै हाम्रा समुदायका विद्यार्थीहरूका लागि सकारात्मक चित्र पहिचान गर्ने अवसर प्रदान गर्छ ।

**समुदायको सहभागिता**

Rotary Club of Stone Mountain को अतिथि वक्ता हुन पाउँदा मैले सम्मानित भएको महसुस गरे । यो वर्ष उनीहरू विश्वको प्रथम हाइब्रिड रोटरी क्लब भएका छन् । हाइब्रिड भनेको के हो? सामान्य छ: उनीहरूले सदस्यहरूलाई हरेक हप्ता बैठकमा प्रत्यक्ष उपस्थित हुने वा अनलाइनबाट सहभागी हुने विकल्प प्रदान गर्छन् ।

हिजो राती क्षेत्रीय टाउन हल बैठक र अभिभावकको टाउन हल बैठकमा उपस्थिति जनाउनु भएका सबैजनालाई धन्यवाद छ । हामीसँग हाम्रा क्षेत्रहरूलाई नेतृत्व गर्ने टोलीहरू एकदम उत्कृष्ट छन् र म तपाईंहरू सबैको मेहनतको कदर गर्छु । हामी सबै सुझावहरूमा निरन्तर रूपमा ध्यान दिइरहने छौं र तपाईंले टाउन हलको अन्तिम बैठक छुटाउनु भयो भने कृपया यहाँ क्लिक गर्नुहोस् https://youtu.be/0mC36NaRKVQ ।

तपाईंको सप्ताहन्त उत्तम रहोस् र हाम्रो डिस्ट्रिक्टलाई मजबुत गाउँ बनाउन तपाईंले गर्नु भएको हरेक कामका लागि तपाईंलाई धन्यवाद छ ।

तपाईंको #1 प्रशंसक,

Cheryl Watson-Harris